## मिति २०७५ पुस २८ गते बसेको चौथो नगरसभाका निर्णयहरू

१) प्रस्ताव : खानी तथा खनिज पदार्थ विधेयक, २०७५ र कृषि व्यवसाय प्रवर्द्धन विधेयक, २०७५ स्वीकृत गर्ने।
**निर्णयः पेश भएका विधेयक सभा सदस्यहरूबाट प्राप्त सुझावहरूलाई समेत समावेश गरी स्वीकृत गर्ने।**

२) प्रस्ताव : पर्यटन रोयल्टी तर्फको कार्यक्रम कार्यान्वयन सम्बन्धमा।
**निर्णयः चालु आर्थिक वर्ष२०७५/०७६ मा पर्यटन रोयल्टि तर्फ प्रस्ताव भएका कार्यक्रमहरू पर्यटन रोयल्टी प्राप्त भए पछि वा नगरपालिकामा चालु आ.व.मा बिनियोजन भएको बजेट बचत हुने भएमा भुक्तानी हुने गरी कार्य गर्न इच्छुक वडा वा उपभोक्ता समिति वा निर्माण व्यवसायीले कार्य गरेमा कार्यालयले संझौता गरी दिने तर त्यस्तो कार्य चालु आर्थिक वर्षमा नै सम्पन्न हुनुपर्ने।**

३) प्रस्ताव : चक्रपथ निर्माण सम्बन्धमा अनुरोध गर्ने।
**निर्णय : जन्तरधाप-टाप्टिङ-सोल्लासा-गोराखानी वडा कार्यालय-डाडाखर्क-मेराङदिङ-भित्ताखर्क-खोरीया-कुनिखोप-जैदु-तामाखानी-चारघरे-तुम्बुक- जुनबेसि-सोलुगं-टाक्सिन्दु डाडा- क्याम्जे- रातनागे डाडा- सिलगुरी- च्याल्सा- घुन्सा- सेकासिं- तिंला-पत्तालेलाई नगरपालिकाको चक्रपथको रुपमा विकास गर्न बजेट व्यवस्थाका लागि नेपाल सरकार अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश आर्थिक विकास मन्त्रालय, प्रदेश योजना आयोगमा अनुरोध गरी पठाउने।**

४) प्रस्ताव : आगामी आर्थिक वर्ष २०७६/०७७ का नगरपालिकाको अनुमानित आय व्ययको विवरण बारे छलफल तथा स्वीकृत गर्ने।
**निर्णय : देहाय बमोजिमको आगामी आर्थिक वर्ष २०७६/०७७ का नगरपालिकाको अनुमानित आय व्ययको विवरण प्रक्षेपण गर्ने।**

**सोलु दुधकुण्ड नगरपालिका अर्न्तगत आ.व ०७४/७५को यर्थात आय ,आ.व ०७५/७६को अनुमानित आय ,२०७५ पौष २५ सम्मको संकलित आय तथा २०७६/७७ को प्रक्षेपित अनुमानित आय**

| क.स | शीर्षक | आ.व ०७४/७५ को यर्थाथ आय | आ.व ०७५/७६ को अनुमान | २०७५ पौष २६ सम्मको आय | अगामी आ.व ०७६/७७ को प्रक्षेपित अनुमान गत आ.व भन्दा १० प्रतिशत वढी अनुमान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **संघीय सरकार अनुदान** | **३५७१५६०००** | **४५१५७४०००** | **२१८००००००** | **४९६७३१४००** | |
| | क- समानीकरण अनुदान | १८९०१५००० | १३०३००००० | ८६८६६६६७ | १४३३३०००० | |
| | ख-शसर्त अनुदान | १६८१४१००० | १९६७००००० | १३११३३३३३.३ | २१६३७०००० | |
| | ग-राजश्व वाडफाट | ० | ७६७६९००० | ० | ८४४४५९०० | |
| | घ- रोयल्टी | ० | ४७८०५००० | ० | ५२५८५५०० | |
| २ | **प्रदेश सरकार अनुदान** | | **२२६०९०००** | **१६१०३०००** | **२४८६९९००** | |
| | क- समानीकरण अनुदान | ० | ३३०९००० | ११०३००० | ३६३९९०० | |
| | ख-शसर्त अनुदान | ११००००० | १००००००० | १५०००००० | ११०००००० | |
| | ग-राजश्व वाडफाट | ० | ९३००००० | ० | १०२३०००० | |
| ३ | **आन्तरिक आय** | **१०९३२३७४.७** | **३१२२००००** | **३६७९१३०.९१** | **१७०१५०००** | |
| | क- आन्तरिक आम्दानी | ५१४८५२१.४७ | २१२२०००० | ३६७९१३०.९१ | ६०१५००० | |
| | ख-राजश्व वाडफाट | ५७८३८५३.२४ | १०००००००० | ०.०० | ११०००००० | |
| | **कुल जम्मा** | **३६८०८८३७५** | **५०५४०३०००** | **२३७७८२१३०.९१** | **५३८६१६३००** | |

**सोलु दुधकुण्ड नगरपालिका अर्न्तगत आ.व ०७४/७५को यर्थात व्यय ,आ.व ०७५/७६को अनुमानित व्यय ,२०७५ पौष २५ सम्मको यर्थात व्यय तथा २०७६/७७ को अनुमानित व्यय**

| क.स | शीर्षक | आ.व ०७४/७५ को यर्थाथ व्यय | आ.व ०७५/७६ को व्यय अनुमान | २०७५ पौष २६ सम्मको व्यय | अगामी आ.व ०७६/७७ को प्रक्षेपित व्यय अनुमान गत आ.व भन्दा १० प्रतिशत वढी अनुमान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **संघीय सरकार अनुदान** | **३२३२८३४९८** | **४५१५७४०००** | **१०४१७०९२६** | **४९६७३१४००** | |
| | क- समानीकरण अनुदान | १६२५१५००० | १३०३००००० | २६७८०२६१.०० | १४३३३०००० | |
| | ख-शसर्त अनुदान | १६०७६८४९८ | १९६७००००० | ७७३९०६६५.१९ | २१६३७०००० | |
| | ग-राजश्व वाडफाट | ० | ७६७६९००० | ० | ८४४४५९०० | |
| | घ- रोयल्टी | ० | ४७८०५००० | ० | ५२५८५५०० | |
| २ | **प्रदेश सरकार अनुदान** | | **२२६०९०००** | **१५६०००.००** | **२४८६९९००** | |
| | क- समानीकरण | ० | ३३०९००० | १५६०००.०० | ३६३९९०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अनुदान | | | | | |
| | ख-शसर्त अनुदान | ७९७००७.०० | १०००००००० | ० | ११०००००० | |
| | ग-राजश्व वाडफाट | ० | ९३०००००० | | १०२३०००० | |
| ३ | **आन्तरिक आय** | **६४३२३७४.७१** | **३१२२००००** | **१६६१७५४९.००** | **१७०१५०००** | |
| | क- आन्तरिक आम्दानी | ५१४८५२१.४७ | २१२२०००० | ०.०० | ६०१५००० | |
| | ख-राजश्व वाडफाट | १२८३८५३.२४ | १०००००००० | ०.०० | ११०००००० | |
| | **कुल जम्मा** | **३२९७१५८७३** | **५०५४०३०००** | **१२०९४४४७५.१९** | **५३८६१६३००** | |

**सोलु दुधकुण्ड नगरपालिका अर्न्तगत आ.व ०७५/७६को अनुमानित आन्तरीक आय २०७५ पौष २५ सम्मको संकलित आय तथा २०७६/७७ को प्रक्षेपित अनुमानित आय**

| क.स | शीर्षक | आ.व ०७४/७५ को यर्थाथ आय | आ.व ०७५/७६ को अनुमान | २०७५ पौष २६ सम्मको आय | अगामी आ.व ०७६/७७ को प्रक्षेपित अनुमान गत आ.व भन्दा १० प्रतिशत वढी अनुमान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **संघीय सरकार अनुदान** | **३५७१५६०००** | **४५१५७४०००** | **२१८००००००** | **४९६७३१४००** | |
| | क- समानीकरण अनुदान | १८९०१५००० | १३०३००००० | ८६८६६६६७ | १४३३३०००० | |
| | ख-शसर्त अनुदान | १६८१४१००० | १९६७००००० | १३११३३३३३ | २१६३७०००० | |
| | ग-राजश्व वाडफाट | ० | ७६७६९००० | ० | ८४४४५९०० | |
| | घ- रोयल्टी | ० | ४७८०५००० | ० | ५२५८५५०० | |
| २ | **प्रदेश सरकार अनुदान** | | **२२६०९०००** | | **२४८६९९००** | |
| | क- समानीकरण अनुदान | ० | ३३०९००० | | ३६३९९०० | |
| | ख-शसर्त अनुदान | ११०००००० | १०००००००० | | ११०००००० | |
| | ग-राजश्व वाडफाट | ० | ९३०००००० | | १०२३०००० | |
| ३ | **आन्तरिक आय** | **१०९३२३७४.७** | **३१२२००००** | | **१७०१५०००** | |
| | क- आन्तरिक आम्दानी | ५१४८५२१.४७ | २१२२०००० | ३६७९१३०.९१ | ६०१५००० | |
| | ख-राजश्व वाडफाट | ५७८३८५३.२४ | १०००००००० | | ११०००००० | |
| | **कुल जम्मा** | **३६८०८८३७५** | **५०५४०३०००** | | **५३८६१६३००** | |
| **आन्तरिक आम्दानीको विवरण** | | | | | | |
| **क** | मालपोत तथा भुमीकर | | १००००० | ६३४२५.२ | ११०००० | |
| **ख** | सिफारिस तथा फाराम दस्तुर | | **५०००००** | **१७१८५९७.६** | **५५००००** | |
| | सेवा शुल्क | | २५००० | ९३३० | ३०००० | |
| **ग** | निजी तथा भाडाका सवारी साधन पटके कर तथा पार्किङ शुल्क | | १५०००० | ५९४८५ | २००००० | |
| **घ** | ढुंगा गिटी तथा वालुवा | | **४७५०००** | **६०९२०** | **५०००००** | |
| **ङ** | कार्यालयको इकयपमेन्ट तथा सवारी साधन भाडाम दिए वापतको भाडा रकम | | **६०००००** | **३०००००** | **७०००००** | |
| **च** | घ वर्गको व्यवसाय इजाजतपत्र नवीकरण र प्रतिलिपी शुल्क | | **१०००००** | **६५०००** | **१५००००** | |
| **छ** | गैर सरकारी संस्था सुचिकृत ,दर्ता ,नविकरण तथा कार्यक्रम स्वीकृत दस्तुर | | **१९००००** | **५५०००** | **२५००००** | |
| **ज** | व्यवसाय दर्ता तथा नविकरण शुल्क | | **१००००** | **५५००** | **१५००००** | |
| **झ** | ं कृषि उत्पादन ,जडिवुटी ,पशु तथा अन्य निकासी कर | | **५००००** | **१३५०** | **७५०००** | |
| **ञ** | वडा तर्फको राजश्व | | **३३०००००** | **१३४०५२३.१** | **३३०००००** | |
| **च** | मौज्दात अ.ल्या रकम | | **१५७२००००** | | | |
| **जम्मा** | | | **२१२२००००** | **३६७९१३०.९** | **६०१५०००** | |

**सोलु दुधकुण्ड नगरपालिका अर्न्तगत आ.व ०७५/७६को अनुमानित आन्तरीक आय २०७५ पौष २५ सम्मको संकलित आय तथा २०७६/७७ को प्रक्षेपित अनुमानित आय**

| क.स | शीर्षक | आ.व ०७५/७६ को अनुमान | २०७५ पौष २६ सम्मको | अगामी आ.व ०७६/७७ को प्रक्षेपित अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | **मालपोत तथा भुमीकर** | **१०००००** | **६३४२५.२** | **११००००** | |
| २ | **सिफारिस तथा फाराम दस्तुर** | **५०००००** | **१७१८५९८** | **५५००००** | |
| | क- घर नक्शापास दस्तुर | | १३६३२३७.६ | | |
| | ख - घर नक्शापास किताव | | २७३५०० | | |
| | ग- पञ्जिकरण शुल्क | | १३५० | | |
| | घ- योजना सम्झौता तथा पेश्की | | ३३००० | | |
| | ङ- अन्य दस्तुर | | १७५१० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | च टेण्डर फाराम दस्तुर | | ३०००० | | |
| ३ | सेवा शुल्क | २५००० | ९३३० | ३०००० | |
| | क- सिफारिस प्रमाणित शुल्क | | ९३३० | | |
| ४ | निजी तथा भाडाका सवारी साधन पटके कर तथा पार्किङ शुल्क | १५०००० | ५९४८५ | २००००० | |
| ५ | ढुंगा गिटी तथा वालुवा | ४७५००० | ६०९२० | ५००००० | |
| ६ | कार्यालयको इक्वयपमेन्ट तथा सवारी साधन भाडाम दिए वापतको भाडा रकम | ६००००० | ३००००० | ७००००० | |
| | क- एक्साभेटर भाडा | | १५५००० | | |
| | ख- टिप्पर भाडा | | ४०००० | | |
| | ग- रोलर भाडा | | १०५००० | | |
| ५ | घ वर्गको व्यवसाय इजाजतपत्र नवीकरण र प्रतिलिपी शुल्क | १००००० | ६५००० | १५०००० | |
| ६ | गैर सरकारी संस्था सुचिकृत ,दर्ता ,नविकरण तथा कार्यक्रम स्वीकृत दस्तुर | १९०००० | ५५००० | २५०००० | |
| ७ | व्यवसाय दर्ता तथा नविकरण शुल्क | १०००० | ५५०० | १५०००० | |
| ८ | कृषि उत्पादन ,जडिवुटी ,पशु तथा अन्य निकासी कर | ५०००० | १३५० | ७५००० | |
| | क- जिउदा पशु निकासी | | १३५० | | |
| ९ | वडा तर्फको राजश्व | ३३००००० | १३४०५२३ | ३३००००० | |
| | वडा नं १ | | १६७०१० | | |
| | वडा नं २ | | ० | | |
| | वडा नं ३ | | ८१३३४.७३ | | |
| | वडा नं ४ | | ३८०६८.२ | | |
| | वडा नं ५ | | २८६८७० | | |
| | वडा नं ६ | | १८९०२० | | |
| | वडा नं ७ | | ८३६५५ | | |
| | वडा नं ८ | | १९५२८० | | |
| | वडा नं ९ | | ८७११३.१६ | | |
| | वडा नं १० | | ११२१७२ | | |
| | वडा नं ११ | | १००००० | | |
| | कुल जम्मा | ५५००००० | ३६७९१३१ | ६०१५००० | |

५) प्रस्ताव : नगरपालिकाको प्रशानिक भवन निर्माणका लागि जग्गा प्राप्त गर्ने

**निर्णय : निम्न आधारमा निःशुल्क रुपमा जग्गा उपलब्ध गराउने नगरवासीहरुमा आव्हान गर्ने ।**

क) कम्तिमा ५ रोपनी जग्गा भएको हुनु पर्ने ।

ख) हालको प्रशासनिक भवनबाट १ किमि क्षेत्र भित्र हुनु पर्ने

ग) प्राप्त हुने जग्गा वडा नं. ५ को सीमा भित्र हुनुपर्ने ।

घ) राष्ट्रिय राजमार्ग वा प्रादेशिक राजमार्ग वा नगरस्तरीय सडक (कम्तिमा ८ मि. को बाटोसंग जोडिएको हुनु पर्ने)

ङ) खण्ड "घ" बमोजिमको जग्गा उपलब्ध हुन नसकेमा त्यस्तो सडकबाट जग्गासम्म पहुँच मार्ग( कम्तिमा ८ मि.) को दिन ईच्छुक हुन पर्ने ।

च) खण्ड "घ" बमोजिमको सडकसंग जोडिएको जग्गा भन्दा भित्रको जग्गा उपलब्ध गराउने भए सडकबाट १०० मिटरभित्र हुनु पर्ने ।

६) प्रस्ताव : वडा नं. ६ स्थित नँयाबजार क्षेत्रका स्थानीय वासिन्दाले भूकम्प प्रतिरोधी घर निर्माण गर्ने क्रममा नगरपालिकाको स्वामित्वमा भएको जग्गालाई उपयोग गर्ने ।

**निर्णय : वडा नं. ६ स्थित नँयाबजार क्षेत्रका स्थानीय वासिन्दाले भूकम्प प्रतिरोधी घर निर्माण गर्ने क्रममा नगरपालिकाको स्वामित्वमा भएको जग्गालाई उपयोग गर्ने विषयमा भूकम्प पिडितहरुलाई भूकम्पबाट पुर्ण क्षति भएको हकमा र अन्यत्र जग्गा जमिन, घर नभएको अवस्थामा नेपाल पुनर्निर्माण प्राधिकरणको माप दण्ड बमोजिमको भवन निर्माण गर्न सम्बन्धित लाभग्राहीका नाममा भोगाधिकार उपलब्ध गराइदिन नेपाल सरकारलाई अनुरोध गर्ने ।**

७) प्रस्ताव : प्रदेश निर्वाचन क्षेत्र कार्याक्रम अन्तर्गत योजना छनोटको सिफारिस गर्ने ।

**निर्णय : प्रदेश निर्वाचन क्षेत्र बिकास कार्यक्रम अन्तर्गत यस नगरपालिकाभित्र निम्न अनुसारका कार्यक्रमहरु स्वीकृत गरिदिन यस क्षेत्रका माननीय प्रदेश सभासद श्री वुद्धिराजभण्डारीलाई अनुरोध गर्ने ।**

क) सल्लेरी साँघुटार पुल रू. २५ लाख ।

ख) वडा नं. ६ को ढल निर्माण रु. २५ लाख ।

८) प्रस्ताव : रोयल्टी बापत प्राप्त हुने रकमबाट योजना छनोट ।

**निर्णय : रोयल्टी बापत प्राप्त हुने रकमबाट देहायका योजनाहरु प्राथमिकताका आधारमा छनोट गर्ने ।**

| सि.नं. | योजना | स्थान | कैफियत |
|---|---|---|---|
| १ | वडा कार्यलय भवन निर्माण / मर्मत | वडा नं. १,२,५,६,८,९,१०,११ | |
| २ | स्वास्थ्य चौकी निर्माण | वडा नं. ४,५,६ र ७ | ६ नं. वडामा खोरिया र भित्ताखर्क लाई पायक पर्ने गरि, वडा नं. ७ मा नाजिङमा स्वास्थ्य चौकी |
| ३ | बिद्यालय भवन निर्माण/मर्मत | वडा नं. ४ र ७ | वडा नं. ७ को सेकसिङ बिद्यालय र वडा नं. ४ को दुधकुण्ड आ.वि. |

९) प्रस्ताव : प्रशासनिक भवन निर्माणका लागि मिति २०७५-०७-१९ मा नगर प्रमुख स्तरबाट भएको निर्णय अनुमोदन।

**निर्णय : प्रशासनिक भवन निर्माणका लागि मिति २०७५-०७-१९ मा नगर प्रमुख स्तरबाट भएको निर्णय अनुमोदन गर्ने।**

१०) प्रस्ताव : नगरपालिकाबाट संचालन गरिने खर्च मापदण्ड स्वीकृत गर्ने।

**निर्णय : देहाय बमोजिमको खर्च मापदण्ड स्वीकृत गर्ने ,-** सोलुदुधकुण्ड नगरपालिका अर्न्तगत संचालन हुने सवै प्रकारका तालिम, सेमिनार, कार्यशाला संचालन सम्वन्धी गरिने खर्चको मापदण्ड

| सि.नं. | प्रयोजन विवरण | नगरपालिका स्तरीय |
|---|---|---|
| १ | संघीय तथा प्रदेश स्तरीय तालिम केन्द्र र प्रतिष्ठानहरुद्धारा संचालन गरिने तालिम, गोष्ठी, सेमिनार, सम्मेलन तथा कार्यशाला आदीका लागि पारिश्रमीक प्रति कक्षा | संघीय अर्थ मन्त्रालय तथा प्रदेश आर्थिक मामिला मन्त्रालयले तोकेको नर्मस अनुसार |
| २ | नगरपालिका वा अन्तर्गतका निकायहरुबाट संचालन हुने जुनसुकै तालिम, सेमिनार, गोष्ठी, कार्यक्रम तथा कार्यशाला आदीका लागि पारिश्रमिक प्रति कक्षा | |
| क | अधिकृतस्तर (निर्वाचित जनप्रतिनिधिहरु समेत) | |
| अ | वाहिरी प्रस्तुतकर्ता | |
| | कार्यपत्र वापत | १५०० |
| | प्रवचन वापत | २००० |
| आ | आन्तरीक प्रस्तुतकर्ता | |
| | कार्यपत्र वापत | १००० |
| | प्रवचन वापत | १५०० |
| ख | सहायकस्तर | |
| अ | वाहिरी प्रस्तुतकर्ता | |
| | कार्यपत्र वापत | १००० |
| | प्रवचन वापत | १५०० |
| आ | आन्तरीक प्रस्तुतकर्ता | |
| | कार्यपत्र वापत | १००० |
| | प्रवचन वापत | १००० |
| ग | माथि उल्लेखित दर १० दिनसम्मको लागि लागू हुने, ११ देखी २० दिनसम्म उल्लेखित दरमा ७५ प्रतिशत र सो भन्दा बढी भएमा ५० प्रतिशत मात्र हुनेछ। | |
| ३ | गोष्ठी सेमिनार सम्मेलन, कार्यशाला तालिम जस्ता कार्यक्रम उद्घाटन तथा समापनका सहभागीहरु र कार्यक्रमका प्रशिक्षकहरुको लागि खाजा र खाना खर्च | |
| क | खाजा तथा चिया (एक पटक) | ३०० |
| ख | खाना (एक पटक) | ४०० |
| ग | बाह्य प्रशिक्षकहरुका लागि खाजा तथा खाना खर्च वापत | १५०० |
| घ | विभिन्न विशिष्ट व्यक्तिहरुलाई कार्यक्रममा आमन्त्रण गरिएको अवस्थामा यस्ता व्यक्तिहरुको खाजा, खाना खर्च वापत वढीमा प्रतिदिन रु. ५००० सम्म खर्च गर्न सकिनेछ तर विशिष्ट व्यक्तिको उपस्थिति भएको प्रमाणित हुनुपर्नेछ। | |
| ४ | मसलन्द कार्यक्रममा सहभागीका लागि (प्रति सहभागी) | |
| क | गोष्ठी सेमिनार सम्मेलन, कार्यशाला तथा अन्य जुनसुकै तालिम कार्यक्रमका लागि | २०० |
| ख | अध्ययन अवलोकन भ्रमणका लागि | ५०० |
| ५ | सहभागी तथा अन्य भत्ता | |
| क | संयोजक भत्ता (जुनसुकै कार्यक्रम तथा सेमिनारका लागि) | |
| | संयोजक भत्ता अधिकतम १५ दिनसम्म प्रतिदिन | १००० |
| | सो भन्दा माथि जति दिन भएतापनि | ७०० |
| ख | सहयोगी संयोजक भत्ता | |
| | सह संयोजक भत्ता अधिकतम १५ दिनसम्म प्रतिदिन | ७०० |
| | सो भन्दा माथि जति दिन भएतापनि | ५०० |
| ग | सहभागी भत्ता | |
| | सहभागीहरुका लागि जतिसुकै दिनको भएतापनि | ५०० |

| | | |
|---|---|---|
| ६ | विविध खर्च (प्रमाणपत्र, व्यानर तथा अन्य) प्रति कार्यक्रम वापत | |
| क | एकपटक मात्र हुने कार्यक्रमका लागि | ३००० |
| ख | दुई पटक हुने (उद्घाटन तथा समापन) कार्यक्रमका लागि | ५००० |
| ग | सहभागीहरु १०० जनाभन्दा बढी भएमा थप हुने ( क र ख दुबैमा) | १००० |
| ७ | आवास खर्च (कार्यक्रमको तर्फवाट खाना र खाजाको व्यवस्था भएको तर आवासको व्यवस्था नभएकोमा प्रतिदिन) | |
| क | आन्तरिक प्रशिक्षक तथा सहभागीहरुका लागि | ५०० |
| ख | बाह्य प्रशिक्षकहरुका लागि | १५०० |
| ग | विभिन्न विशिष्ट व्यक्तिहरुलाई कार्यक्रममा आमन्त्रण गरिएको अवस्थामा यस्ता व्यक्तिहरुको लागि प्रतिदिन रु. ५००० सम्म आवास खर्च गर्न सकिनेछ तर विशिष्ट व्यक्तिको उपस्थिति भएको प्रमाणित हुनुपर्नेछ । | |
| ८ | तालिम हल भाडा | प्रचलित बजार दररेट अनुसार |
| ९ | तालिम सामाग्री कच्चा पदार्थ ,नमुना, इनधन पोकावन्दीका सामान खरिद गर्नुपर्ने साना तिना औजार आदी | प्रचलित बजार दररेट अनुसार |
| १० | दैनिक भ्रमण भत्ता | |
| क | कर्मचारीहरु | नियमानुसार |
| ख | निर्वाचित जनप्रतिनिधि भ्रमण खर्च तोकेकोमा | नियमानुसार |
| ग | निर्वाचित जनप्रतिनिधि भ्रमण खर्च नतोकेकोमा | शाखा अधिकृत वा सो सरह |
| घ | अन्य जुनसुकै सहभागीहरु | १००० |
| ११ | प्रस्तावना तथा प्रतिवेदन तयारी कार्य (उपभोक्ता समिति तथा संघसंस्थाहरुबाट कार्यक्रम संचालन हुने हकमा मात्र) | |
| क | प्रस्तावना तयारी कार्य | ५०० |
| ख | प्रतिवेदन तयारी कार्य | १००० |
| १२ | यातायात खर्च (प्रशिक्षक तथा सहभागीहरु) | |
| क | जिल्ला बाहिरबाट आउनु पर्ने भएमा | प्रचलित भाडा दर अनुसार |
| ख | जिल्ला भित्रका अन्य पालिकाबाट आउनु पर्ने भएमा | प्रचलित भाडा दर अनुसार |
| ग | नगरपालिका भित्रका वडाहरुबाट आउनु पर्ने भएमा (एक पटक) | |
| अ | टाक्सिन्दु, टाप्टिङ र गोराखानी | १००० |
| आ | केरुङ | ८०० |
| इ | बेनी, तामाखानी, तिङला | ६०० |
| ई | गार्मा | ४०० |
| उ | फाप्लु, सल्लेरी, दोर्पु | २०० |
| ऊ | प्रशिक्षकहरु नगरपालिकाबाट भन्दा बाहिरबाट ल्याउनु पर्दा प्रचलित भाडा दर भन्दा बढी रकम भाडा रकम तिर्नु पर्ने भएमा नगरपालिकालाई अग्रिम जानकारी गराई नगरपालिकाको अनुमतीमा बढीमा रु २५०००।०० सम्म खर्च गर्न सकिनेछ । | |
| १३ | कार्यक्रम संचालनका लागि आवश्यक सामाग्रीहरु चाहिने भएमा (जस्तो प्रोजेक्टर, प्राविधिक सामाग्री आदी) | प्रचलित दररेट दर अनुसार |

नोटः माथि उल्लेख भएको खर्च रकममा देहाय अनुसार कर लाग्नेछ ।

क)पारिश्रमिक तथा भत्ता वापतको रकम १५ प्रतिशत पारिश्रमिक कर लाग्ने ।

ख)यातायात खर्च वापतको रकममा सवारी भाडामा लिएमा १० प्रतिशत भाडा कर लाग्ने ।

ग)मसलन्द तथा विविध खर्च वापतको विलमा १.५ प्रतिशत अग्रिम आयकर लाग्ने ।

घ)हल तथा अन्य सामाग्री भाडा लिएमा १० प्रतिशत बहाल कर लाग्ने ।

ङ)होटल बास खर्च, खाना तथा खाजा खर्च र यातायात खर्च वापतको रकम नगदै लिएमा कुनै पनि कर कट्टा गरिने छैन ।

च)कार्यक्रमको प्रकृति तथा कार्यक्रम संयोजकले तोके अनुसार कार्यक्रम संचालन हुने र सोही अनुसार खाना तथा खाजा खाइ सहभागी हुनु पर्ने कार्यक्रममा सो वापतको रकम माग गर्न नपाइन

छ) कार्यक्रम संचालन हुने सम्बन्धित स्थानबाट आफ्नो घर गई बास बस्न सक्ने सहभागीहरुका लागि होटल वास खर्च वापतको रकम दिइने छैन भने कार्यक्रमको दौरानमा अनिवार्य रुपमा बास बस्नु पर्ने अवस्था भएमा सो वापतको रकम भुक्तानी गरिने ।

*११) प्रस्ताव : निर्णय अनुमोदन गर्ने ।*

**निर्णय : तेस्रो नगरसभा पश्चात चौथो नगरसभाका बीचमा विभिन्न मितिमा कार्यपालिका, नगर प्रमुख स्तर, प्रमुख प्रशासकीय अधिकृत, प्रशासकीय अधिकृत स्तरबाट भएका निर्णयहरु अनुमोदन गर्ने ।**

*१२) प्रस्ताव : सोलुदुधकुण्ड नगरपालिकाको बिद्युत बिस्तार तथा लोडसेडिङ मुक्त गर्ने सम्बन्धमा ।*

**निर्णय : अप्पर सोलु हाईड्रोको ट्रान्सफर्मरबाट ११ केभी मार्फत सल्लेरी च्याल्सा जलविद्युत कम्पनिको ११ केभी लाईनमा विद्युत जडान गरी नगर क्षेत्रमा लोडसेडिङ मुक्त गर्नुको साथै विद्युत नपुगेको क्षेत्रमा थप विद्युत लाइन विस्तार गर्न वर्षातको समयमा वढि भएको च्याल्सा जलविद्युत उत्पादनलाई अप्पर सोलुले लिने र हिउँदमा माग धान्न नसकेको च्याल्सा जलविद्युतको माग पुर्ति गर्न अप्पर सोलु हाइड्रोपावर, साल्मे र सल्लेरी च्याल्सा जलविद्युत कम्पनी, दोर्पु तथा नेपाल विद्युत प्राधिकरण बागबजारलाई अनुरोध गर्ने निर्णय गरियो ।**

१३) *प्रस्ताव : नगरपालिकाबाट संचालन हुने बिकास निर्माण, हेभी ईक्वीपमेन्ट परिचालन, सार्वजनिक खरिद लगायतका विषयलाई पारदर्शी, मितव्ययी, उत्तरदायी एवं नतिजामुखी बनाउने सम्बन्धमा ।*

**निर्णय : पेश भए बमोजिमको प्रस्ताव सम्बन्धमा समिति उपसमिति कार्यदल गठन गरि कार्यपालिकाले आवश्यक निर्णय गर्ने ।**

१४) *प्रस्ताव :समपुरक कोष सम्बन्धमा ।*

**निर्णय : नगरसभाबाट आ.व. २०७५/०७६ मा समपुरक कोषमा विनियोजन भएको बजेट रकम खर्च गर्ने अख्तियारी नगर कार्यपालिकालाई प्रदान गर्ने ।**

१५) *प्रस्ताव : चालु आर्थिक वर्ष २०७५।०७६ को स्वीकृत बजेट तथा कार्यक्रममा परेका भएपनि विविध कारणले कार्यान्वियन गर्न नसकी योजना वा कार्यक्रम संशोधन वा परिमार्जनका लागि वडाबाट पेश भएका योजना तथा कार्यक्रम संशोधन गर्नुपर्ने ।*

**निर्णय : चालु आर्थिक वर्ष २०७५।०७६ को स्वीकृत बजेट तथा कार्यक्रममा देहाय बमोजिम हुने गरि संसोधन गर्ने । (यस नगरपालिकाबाट मिति २०७५/९/२९ गते नपाको website:www.solududhkundamun.gov.np मा upload गरिएको)**

१६) *प्रस्ताव :गुम्वा शिक्षा सम्बन्धी सशर्त बजेट कार्यान्वियन सम्बन्धमा*

**निर्णय : संघीय सरकारबाट आर्थिक वर्ष २०७५/०७६ मा गुम्वा शिक्षा शीर्षकमा प्राप्त भएको बजेट रकमलाई कार्यान्वयन गर्नका लागि वडा शिक्षा समितिले नगर शिक्षा समितिलाई सिफारिश गर्ने र नगर शिक्षा समितिले स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गरेको आधारमा अनुदान वापतको रकम सम्बन्धित गुम्वा शिक्षालाई प्रदान गर्ने ।**